प्रस्ताव नं. १ निति तथा कार्यक्रम सम्बन्धमा ।

निर्णय नं. १ :

प्रस्ताव नं. १ माथी व्यापक छलफल गर्दा यस कालिकामाई गाउपालिकाको गाउँ सभाबाट नीति तथा कार्यक्रम, २०७८ सर्वसम्मतिबाट स्वीकृत गरियो ।

कालिकामाई गाउँपालिका

नीति तथा कार्यक्रम, आ.व. २०७८।०७९

*कार्यपालिकाबाट स्वीकृत मिति :* – २०७८।०३।११

कालिकामाई गाउँपालिका

हरिहपुर बिर्ता, पर्सा

*गाउँ सभामा प्रस्तुत भएको मिति :* –

कालिकामाई गाउँपालीकाको गाउँ सभा अध्यक्ष श्री राजेश कुमार चौरसिया ज्यूको अनुमतीबाट म कालिकामाई गाउँपालिका वडा नं.५ को वडा अध्यक्ष तथा यस पालिकाको प्रव्क्ता आ.ब. २०७८।०७९ को वार्षिक निति तथा कारयक्रम प्रस्तुत गर्दै छु ।

**नीति,कार्यक्रम तथा बजेट**

कालिकामाई गाउँपालीकाको **सातौ** ऐतिहासिक गाउँसभाको अध्यक्षता गरिराख्नु भएका गाउँपालिका अध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, कार्यपालिका र गाउँसभाका सम्पुर्ण सदस्यज्युहरु, पत्रकारहरुज्यू तथा कर्मचारी मित्रहरु सबैलाई हार्दिक अभिवादन र स्वागत गर्न चाहन्छु :

विशव व्यापी रुपमा फैलिरहेको कोरोना भाइरस COVID -19 को माहामारीका कारण उत्पन्न असहज परिस्थिति र त्यसको नियन्त्रणको लागि गरिएको निषेधाज्ञा विच म अगामि आर्थिक वर्ष २०७८।०७९ को निति तथा कार्यक्रम यस गरिमामय सभामा सम्बोधन गरिरहदा जनताको जिवन रक्षा र आर्थिक सामाजिक जिवनको सुरक्षाको प्रश्नले गम्भिर बनेको छु । जनता र राज्यको संयूक्त प्रयासबाट जसतो जुकै चुनौती र संकटबाट पार पाउन सकिन्छ भने उधेश्य अनुरुप बढिरहेका छौ ।

- कालिकामाई गाउँपालिका वडा नं. २ बाट निर्वाचित गा.पा. अध्यक्ष श्री नथूनी प्रसाद र वडा नं. ३ बाट निर्वाचित दलित महिला सदस्य श्रीमती रन्जिता देवी पासवानको असमायीक निधन प्रति हार्दिक श्रधान्जली अर्पण गर्दै उहाले गाउँ विकासमा पुर्यानु भएको योग्दानको उच्च मुलयांकन गर्दछु । संघिय सासन प्रणाली सहितको लोकतान्त्रिक गण्तन्त्रात्मक सासन व्यवस्था स्थापनाका लागि भएका राजनितिक आन्दोलन संघर्ष र क्रान्तिहरुमा राष्ट्र र जन्ताको हित, कल्याण र उन्नतीका लागि जिवन समर्पण गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात सहिदहरु प्रति उच्च समान्नका साथ भावपुर्ण श्रधान्जली अर्पण गर्दछु ।
- श्री ने.रा.मा.वि. कट्टि बलुवामा कार्यरत रहनु भएका शिक्षक श्री मंकेश्वर प्रसाद चौरसियाले शिक्षा क्षेत्रमा गर्नु भएको योग्दानको उच्च मुलयांकन गर्दै हार्दिक श्रधान्ज्ली अर्पण गर्दछु ।
- स्थानीय तह स्थापना भएको ४(चार) वर्ष पुरा भएको छ यस अवधीमा संविधानले परिक्लपना गरे अनुसार गण्तन्त्रात्मक संघिय सासन प्रणाली द्वारा लोकतान्त्रीक समाजको स्थापनाको लागि संमृध नेपाल सुखी नेपालिको परिकल्पना साकार पारन गाउँपालिका प्रतिवध रहदै आएको र आम गाउँ वासीको हकहित र अधिकारको रक्षा गर्न प्रतिब्ध छ ।
- यती बेला कोरोना भाईरस (Covid-19) नेपालमा फैलिरहेको र नयाँ प्रकृतिको कोरिना भाईरस

नेपालमा पुष्टी भएकोले थप सचेतना र सबै सजग हुनु जरुरी छ यो निति तथा कार्यक्रम प्रस्तुत गरिरहदा यस गाउँपालिकामा समेत कोरोना संक्रमणबाट मृत्यू हुनेहरु प्रति हार्दिक श्रधान्जली अर्पण गर्दै उपचारत सबैको सिघ्र स्वस्थ्य लाभको कामना गर्दछु ।

➢ यस कालिकामाई गाउँपालिका वडा नं. ३ मा रहेको एतिहासिक तथा प्रसिद्ध कालिकामाई मन्दिर निर्माण कार्य सुरु भईसकेको छ र अगामी आर्थीक वर्षमा सम्मपन्न गर्न लगाउने दृध्ढता राखेको छु ।

❖ **यो नीति तथा कार्यकम र बजेटले लिएको उद्देश्य देहाय बमोजिम रहेका छन्।**

- आर्थिकविकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुर्‍याउने,
- उत्पादनमूलक र छिटो प्रतिफल दिने,
- राजश्व परिचालनमा योगदान पुर्‍याउने
- सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुर्‍याउने
- स्थानीय स्रोत साधनमा आधारित भई जनसहभागिताको अभिबृद्धि गर्ने
- लैङ्गिक समानता, सामाजिक समावेशीकरणको अभिबृद्धि गर्ने
- दीगो विकास, वातावरण संरक्षण र विपद् व्यवस्थापनमा योगदान पुर्‍याउने
- कालिकामाई क्षेत्रको कला र संस्कृतिको पहिचान र प्रबर्द्धन गर्ने,
- स्थानीय नागरिकको आवश्यकता र मागलाई सम्बोधन गर्ने
- जनताको जीवनस्तरमा प्रत्यक्ष फाइदा हुने, आय आर्जन गर्न तथा रोजगारीमा बृद्धि हुने,
- कोभिड-१९ ले गर्दा यस गाउँपालिकामा देखिएको समसया समाधान हुने ,
- गाउँपालिका भित्र रहेको सम्पुर्ण परिवार वर्गमा जिवन यापन गर्न आवश्यक रहेको खाद्यान सामानहरुको आपुर्ती हुने,
- प्रत्येक नागरीकहरुको स्वास्थ्य सम्सया समाधान हुन,
- गाउँपालिकालाई धुवा मुक्त बनाउने,

❖ **कालिकामाई गाउँपालिकाले आ.ब. २०७८।०७९ को नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा निम्न आधारहरु लिएको व्यहोरा प्रस्तुत गर्दछु।**

- वर्तमान संविधानले गरेको व्यवस्था तथा प्रावधानहरु,
- संघीय सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु,
- चालु आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु,

- स्थानीय सरकार संचालन ऐन, २०७४ का प्रावधानहरु
- नेपालले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिबद्धताहरु,
- स्थानीय तहका क्षेत्रगत नीति, रणनीतिहरु, योजना तथा अध्ययन प्रतिवेदनहरु,
- विकासका समसामयिक मुद्धाहरु : कोभिड-१९, (कोरोना भाइरस) सामाजिक संरक्षण, दीगो विकास, जलवायु परिवर्तन र विपद् व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैंगिक सशक्तिकरण तथा समावेशी विकास, बाल मैत्री स्थानीय शासन, वातावरण मैत्री स्थानीय शासन, माहामारी तथा पूर्ण सरसफाई, उर्जा संकट लगायतका अन्तर सम्बन्धित बिषयहरु

सम्माननीय सभाअध्यक्ष ज्यू ,

अब म यस कालिकामाई गाउँपालिकाको गाउँ कार्यपालिकाबाट स्वीकृत आ.व. २०७८।०७९ को यस गाउँपालिकाको बिकासका लागि आबश्यक रहेको मुख्य मुख्य नीति तथा कार्यक्रम र बजेट बारे संक्षिप्त रुपमा यस गाउँसभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु । यस कार्ययोजनाको विस्तृत विवरण गाउँसभाले पास गरे बमोजिम गाउँपालिकाको बार्षिक योजनाको पुस्तकबाट प्रस्टहुनेछ ।

## १ कोभिड-१९ विरुद्धको अभियान र स्वास्थ्यः

कोभिड -१९ को दोस्रो लहर फैलिदै गएपछि विश्वकै आर्थिक रुपमा समृद्ध मुलुकहरुले समेत नियन्त्रणका लागि ठुलो कठिनाई भगनु पर्यो । स्वास्थ्य उपकरणका आभावका कारण विश्वमा थुप्रै मानिसहरुको मृत्यू भएको थियो । अहिले पनि कोभिड-१९ को संक्रमण फैलिदै गएको र नयाँ प्रजातीको भाइरस फैलिन सकने सम्भावित खत्रालाई मध्य नजर गर्दै गाउँपालिकाले पुर्व त्यारी तथा स्वास्थ्य क्षेत्रका लागि निम्न अनुसारका कामहरु गरिने छ ।

- कोरोना भाईरसको नियन्त्रण रोकथाम र उपचारमा आवश्यक प्रबन्ध गरिने छ ।
- आधारभुत स्वास्थ्यको जिम्मेवारी सृज्नात्मक ढंगले गरिने छ ।
- कोभिड-१९ मा प्रत्यक्ष रुपमा खटिने स्वास्थ्य कर्मि तथा अन्य कर्मचारीको मनोबल बृद्धिका लागि गाउँपालिकाले आवश्यक व्यवस्थापन गरिने छ ।
- छिमेकी मुलुक भारत लगायतका ठागमा देखीएको आँखा सम्बन्धि रोग (कालो भुसि) को संक्रमण नियन्त्रण र उपचारका लागि संबन्धित निकाय संग सहकार्य गरी अगाडि बढिने छ ।
- १५ सैयाको गा.पा. स्तरीय अस्पताल निर्माणको प्रकृयालाई तिब्रता दिईनेछ ।
- महिला स्वम सेविकाको भत्ता २००% बृधि गरि मासिक रु ३०००।०० दिईने छ ।
- वडा नं. १ मा सामुदायीक स्वास्थ्य सेवा ईकाईको पुर्वाधार निर्माण गरी ग्रामीण क्षेत्रमा स्वास्थ्य सेवा विस्तार गरिने ।
- गर्भवती तथा किशोरीहरुको स्वास्थ्य तथा पोषण सुधार लयाउनका लागि बहुक्षेत्री पोषण कार्यक्रमको लागि आवश्यक व्यवस्था गरिने छु ।

- स्वास्थ्य संस्थाको लागि चाहिने आवश्यक औषधी, सर्जिकल सामाग्री, फर्निचर तथा अन्य आवश्यक सामाग्रीहरुको आवश्यक व्यवस्था मिलाउने छ ।

## २ पूर्वाधार विकास

**भौतिक पूर्वाधार तथा संरचना विकास :**

- यस कालिकामाई गाउँपालिकाको दिगो र नतिजामूलक विकासका लागि गाउँपालिका गुरुयोजना तयार गरि कार्यान्वायनमा जोड दिईनेछ।
- एकिकृत सहरी विकास योजनालाई कार्यन्वयन गरिने छ ।
- ठुला पुर्वाधारहरुको विकासमा पहल गरिने छ र महत्व पुर्ण आयोजनाहरुको डि.पि.आर. त्यार गरने छ ।
- केन्द्र तथा प्रदेश स्तरका सडकहरु समयमा निर्माण सम्पन्न गर्न पहल गरिने छ ।

- **वस्ती विकास शहरी योजना तथा भवन निर्माण सम्बन्धि आधारभुत मार्गदर्शन- २०७२** लाई कडाईका साथ लागु गरिने छ।

- गाउँपालिका भित्रका मुल सडक कम्तिमा २४ फिट (नाला सहित), सहायक सडकहरु १८ (नाला सहित) फिट र पुराना वस्तीहरुका साँघुरा सडकहरुलाई समेत प्रत्येक घर सम्म एम्बुलेन्स, दमकल पुग्न सक्ने गरी सहमति एवं नक्सा अनुसार सडक चौडा गरी मात्र सडक मर्मतका स्वीकृत आयोजनाहरु मर्मत संभार र स्तोरन्नती गरिनेछ।

- कम्तीमा ८ मिटर चौडा सडक संग जोडिएको प्लटमा भित्री सडकहरु कम्तीमा ६ मिटर चौडागरी खानेपानी, विद्युत पोल, ढल र सडकको स्तरोन्नती समेत गर्ने शर्तमा नयाँ प्लटिङ्गको अनुमति प्रदान गरिनेछ। साथै अव खोलिने सवै नयाँ सडकहरुको चौडाई कम्तीमा ६ मिटर चौडा हुनेछ।

- आकस्मीक मर्मत सम्भारका लागि मर्मत सम्भार कोषको व्यवस्था गरी संचालनमा ल्याईने छ।
- गाउँपालिकामा संचालन हुने सबै आयोजना र कार्यक्रमहरु सम्भाव्यता, स्थानिय आवश्यकता र प्राथमिकता एवं लाभान्वित वर्गको चाहना अनुरुप वातावरण मैत्री पूर्वाधार विकास हुने गरी विधि सम्मत प्रकृयाबाट संचालन गरिने छ।
- पांच ५ लाख भन्दा माथिका आयोजनाहरुमा आयोजना स्थलमा योजना सम्बन्धि जानकारी गराउन अनिवार्य रुपमा विस्तृत विवरण सहित होर्डिङ्ग बोर्ड लगाईने छ।
- वढ्दो सार्वजानिक जग्गा तथा सडक अतिक्रमणलाई स्थानिय जनसहभागितामा नियन्त्रण गरी ऐतिहासिक, धार्मिक स्थलहरुका साथै सार्वजानिक जग्गाहरु खोजी संरक्षण गरिने छ।

- प्रत्येक वर्ष उत्कृष्ट कार्य गर्ने उपभोक्ता समितिलाई पुरस्कृत गर्ने र खराब आचरण भएका उपभोक्ता र सहयोगीहरुलाई दण्ड सजाय गर्ने निति लिई गुणस्तरीय विकास निमार्णमा जोड दिईने छ।
- एक गाउँ एक बहु-उपयोगी पोखरीको अवधारणा अनुसार पोखरीलाई स्तरोन्नती गरी त्यस क्षेत्रलाई गाउँपालिकाको रमणिय र धार्मिक तथा पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न गुरुयोजना वनाई बजेट व्यवस्थापनका लागि सम्बन्धित निकायमा पहल गरिने छ।
- सिचाईका मुहानहरु सुक्दै गएको र भु-क्षय भई बाँध बाध्न कठिन भएको वर्तमान अवस्थामा कृषकहरुको हकहितलाई ध्यानमा राखी गाउँपालिका भित्रका सिचाँई बाँध तथा पैनीहरुको मुहान संरक्षण,मर्मत संभार तथा सिचाई सुविधाको लागि सम्बन्धित निकायमा पहल गरिने छ।
- गाउँपालिकाको स्रोत साधनले सम्भव नहुने योजनाहरुलाई केन्द्र स्तरका सम्बन्धित निकायमा योजना कार्यान्वयनका लागि सिफारिस गरी पठाईने छ।
- गाउँपालिकाको भवन निर्माणको लागी नेपाल सरकार र प्रदेश सरकार काहा आवश्यक पहल गरिने छ ।
- बसपार्क निर्माणको लागि जग्गाको पहिचान गर्दै विस्तृत परियोजना प्रतिवेदन तयार गरी कार्य अगाडी बढाइने छ ।
- आधुनिक बजारको लागि जग्गा पहिचान गरी विस्तृत परियोजना प्रतिवेदन सहित कार्य अगाडि बढाइनेछ।
- गाउँपालिका अन्तर्गत एकवटा रङ्गशाला निर्माण गरिनेछ।
- यस कालिकामाई गाउँपालिका अन्तर्गत रहेको टोल बस्तीहरुलाई जोडने गरी नाला निर्माण कार्यको परियोजना अगाडी बढाईने छ ।
- गाउँपालिका अन्तर्गतको मुख्य सडकमा, गाउँ बस्तीमा तथा मुख्य चौकहरुमा सोलार बत्ती व्यवस्थापनको कार्य अगाडी बढाईने छ ।
- गाउँपालिका अन्तर्गत सम्पुर्ण वडा जोडनेगरी रिङ रोडको निर्माण गर्ने कार्यको लागि केन्द्र सरकार र प्रदेश सरकार आवश्यक पहल गरिने छु ।

## ३ आर्थिक विकास

- किसानको उत्पादनलाई जोखिमबाट जोगाउन आवश्यक पहल गरिने छु ।
- कृषिमा यान्त्रिकीकरण व्यवसायीकिकरण र बजारिकरण माध्यमबाट कृषिलाई प्रवर्द्धन र विकास गरिनेछ ।
- कृषि प्रसार र प्रवर्द्धनात्मक कार्यक्रम अगाडी बढाईनेछ । पशु विकास कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडी बढाईनेछ ।
- एक वडा तीन उत्पादन नितिमा आधारित प्रत्येक वडामा एक उत्पादनलाई प्रमुख कृषि जोनको रुपमा विकास गरिनेछ ।

- युवा, रोजगार र महिला उद्यम विकास सम्बर्द्धम रणनैतिक आयोजनाको परिमार्जन गर्दै **उद्यम विकास सणनीति** तर्जुमा गरिनेछ ।
- **परम्परागत पेशा व्यवसाय सुधार** गरी व्यवसायीक बनाउन प्रोत्साहन गरिनेछ ।
- **यूवा व्यवसायीक प्रवर्द्धन** कार्यक्रम अगाडी बढाईनेछ ।
- उधोग बाणिज्य संघलगायत विभिन्न सामाजिक संघ संस्थासंग सहकार्यमा व्यवसायिक हक हित, बजार व्यवस्थापन र पर्यटन प्रवर्द्धनका कार्यक्रम अगाडी बढाईनेछ ।
- सहकारीलाई उत्पादन, रोजगारी र बजारीकरणमा जोड दिईनेछ ।
- प्रविधिमा आधारित अनुगमन प्रणाली विकास गरिनेछ ।
- सहकारी शिक्षालाई प्रवर्द्धन, एक सहकारी एक उत्पादनको नितीलाई अगाडी बढाउदै उत्पादनमा आधारित सहकारीलाई पुरस्कृत गर्ने निति लिईनेछ ।
- उद्देश्य अनुरुपका सहकारीलाई पुरस्कृत र सहकारी एकिकरण गर्ने कार्यलाई प्रथमिकता दिईनेछ ।
- नेपाल सरकारको पकेट कार्यक्रम समयमै लागु गर्न आवश्यक पहल गरिने छ ।

<u>सामाजिक विकास</u>

शिक्षा :-

- मा.वि.हरुमा आवश्यक भवनको निर्माण प्रकृया कार्य अगाडी बढाईनेछ ।
- विशेष शिक्षालाई ध्यान दिदै दिवा खाजा कार्यक्रम व्यवस्थीत रुपमा कार्यव्यन गरिनेछ ।
- सुकई साह मा.वि. र जन्ता मा.वि. लाई उच्च मा.वि. बनाउन आवश्यक प्रकृया अगाडी बढाईनेछ ।
- शिक्षकहरुको क्षमता विकास गर्नको लागि आवश्यक व्यवस्था मिलान गरिने छ ।
- प्राविधिक शिक्षाको लागि CTEVT मा आवश्यक पहल गरिने छ ।
- SSE मा पालिका भरिमा उत्कृष्ट गर्ने विधार्थीलाई समानित गरिने छ ।
- शिक्षा क्षेत्रमा राम्रो पठन-पाठन को व्यवस्था गर्ने प्र.अ. र राम्रो पढाउने शिक्षकलाई सामानित गरिने छ ।
- निजि क्षेत्रमा संचालित शैक्षिक संस्थाहरुको नियमन तथा अनुगमन गरिनेछ ।

**महिला, बालबालिका तथा अन्य लक्षित समुह विकास :**

- विपन्न तथा पिछडिएका वर्गका महिलाहरुलाई लक्षित गरी सम्रग महिलाहरुको सशक्तिकरण र क्षमता विकास सम्बन्धि कार्यक्रम संचालन गरिने छ।
- बालमैत्री स्थानिय शासनको अवधारणालाई संस्थागत विकास गर्ने निति लिईने छ।

- ३. बाल संजाल एवं बालबालिकाको क्षमता विकास सम्बन्धि कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।
- ४. आपाङ्गता भएका व्यक्तिहरुको सम्पर्क हुने सबै भौतिक संरचनालाई आपाङ्ग मैत्री वनाउदै लगिने छ ।
- ५. यस गाउँपालिकालाई निकट भविष्यमै बालमैत्री गाउँपालिका तुल्याउँने नीति अंगिकार गरिने छ ।
- ६ ज्येष्ठ नागरिकहरुको सामाजिक पहिचान, सम्मान एवं सामाजिक सुरक्षमा विशेष जोड दिईने छ ।
- ७.दलित एवं आदिवासी/जनजाति, मधेशी, मुस्लिम, पिछडा वर्ग हक अधिकारको प्रवर्द्धन एवं निर्णय प्रक्रियामा सहभागिता अभिवृद्धि गर्दै सशक्तिकरणका कार्यक्रमहरु संचालन गरिने छ ।
- ✓ ८. महिला, बालबालिका, आदिवासी/जनजाति, मधेशी, मुस्लिम, पिछडा वर्ग, दलित, भिन्न क्षमता भएका व्यक्ति, लैङ्गिक अल्प संख्यक, जेष्ठ नागरिकहरुको सशक्तिकरण, क्षमता विकास तथा सिप विकासका लागि सिपमूलक, चेतना मूलक कार्यक्रमहरु संचालन गरिने छ ।

**वातावरण तथा विपद व्यवस्थापन**

- गाउँ सरसफाईको अभियानलाई स्वच्छ, सफा र हरियाली गाउँ विकासका लागि जोड दिईनेछ ।
- फोहरमैला व्यवस्थापनका क्षेत्र विस्तार गरी आधुनिक फोहरमैला पलान्ट स्थापना गरिने छ ।
- वातावरण संरक्षणका लागि परमपरागत पोखरीको संरक्षण र प्रवर्द्धन गरिनेछ ।
- विपद् जोखिम न्यूनिकरण विपद्को पुर्व त्यारी व्यवस्थापन र उदारका लागि विपद् व्यवस्थापन कोषलाई प्रभावकारी बनाफने छ ।

**राजश्व सम्भाव्यता, बजार र वित्तिय व्यवस्थापन :**

- गाउँपालिकाबाट प्रदान गरिने सेवा सुविधालाई राजश्व शाखा संग आवद्ध गरिने कार्यलाई प्रभावकारी बनाईने छ ।
- उधोग वाणिज्य संघ संगको सहकार्य र समन्वयमा व्यवसाय करलाई व्यवस्थित र प्रभावकारी बनाई सबै व्यवसायलाई करको दायरामा ल्याईने छ ।
- वार्षिक रु. १ लाख भन्दा बढी कर तिर्ने कर दाताहरुको अभिलेख राखी निजहरुलाई विशेष रुपले पुरस्कृत र सम्मान गर्ने व्यवस्था मिलाईने छ ।
- घर जग्गा बहाल कर अगामी आ.ब. देखि लागु गरीनेछ ।
- नक्सा पास र स्वीकृती विना आफु खुशी बनाएका घर संरचनाहरु मापदण्ड विपरित भए निजकै खर्चमा भत्काउँन लगाई स्थानिय शासन संचालन ऐन, २०७४ अनुसार संरचना धनिलाई दण्ड जरिवाना गरी कानुनी दायरामा ल्याई व्यवस्थीत शहरी विकासमा जोड दिने छ ।
- फोहर मैला व्यवस्थापनको लागि बजार क्षेत्र र फोहर बढि गर्नेहरुसँग सरसफाई शुल्क लिई सरसफाईको व्यवस्थापन मिलाईने छ ।

- उपभोक्ता हकहित संरक्षणलाई ध्यान दिई स्थानिय प्रहरी प्रशासन, उद्योग वाणिज्य संग, संचार कर्मी र अन्य सरोकारवाला निकायहरु संग समन्वय गरी बजारमा हुने कृत्रिम आभाव, एकाधिकार र कालो बजारीलाई नियन्त्रण गरिने छ।
- कोभिड-१९ को कारण वयपार, व्यव्साय तथा सेवा क्षेत्रमा पर्न गएको नकरात्म असरबाट राहत प्रदान गर्न व्यवसाय कर , घर बहाल कर जस्ता करका क्षेत्रमा परेका असरका मुल्यांकन गरि कर सहुलियत प्रदान गर्न आव्शयक कानुनी व्यवस्था मिलाउने छु ।
- राजशव अशुलीलाई एकिकृत गर्न राजश्व सम्बन्धि सफ्ट्ओयर जडान गर्ने र त्यसका लागि आवश्यक बजेटको व्यवस्था मिलाउने छु ।

## कानुन तथा न्यायः

- न्यायीक समितिका कामलाई प्रभावकारी बनाउन, मुद्दा दर्ता, बहस, फैसलालाई चुस्त दुरुस्त बनाईने छ ।
- मेलमिलाप कर्तालाई तालिम प्रदान गरी मेलमिलापलाई व्यवस्थित गराईनेछ ।
- अल्पकालिन महिला सेवा केन्द्रलाई नियमित संचालन गरिनेछ ।
- हिंसा पिडित महिलाहरुको पुनःस्थापन, उद्धार र निःशुल्क कानुनी उपचारका लागि प्रदेश सरकारको सहकार्यमा सेवा केन्द्र संचालनमा ल्याई सेवा प्रदान गरिनेछ ।
- सामुदायीक मेलमिलाप केन्द्रको व्यवस्थापन गरिनेछ ।

## सुचना तथा सञ्चारः

- सञ्चार माध्यम, पत्रकार एवं सञ्चारकर्मीका लागि क्षमता अभिबृद्धि कार्यक्रम तथा सहकार्यमा रेडियो/टेलिभिजन कार्यक्रम सञ्चालन गरिनेछ ।
- जनतासँग जनप्रतिनिधि, जनतासँग गा.पा.अध्यक्ष, बस्ती बस्तीमा अध्यक्ष कार्यक्रम सञ्चालन गरिनेछ ।
- नेपाल पत्रकार महासंघको संस्थागत विकासका लागि आवश्यक पहल गरिनेछ ।

**प्रशासन, सुशासन तथा पारदर्शिता :**

- .गाउँपालिका कार्यालयका प्रत्येक शाखाको फाईलिङ्ग, रेकडिङ्ग प्रणाली लगायत अन्य व्यवस्थापनमा समयानुकुल सुधार गर्दे लैजानुका साथै कार्यालय संगठन शाखा,उपशाखा र कर्मचारीको विवरण तयार गरी आध्यावधिक गर्दै लगिने छ।
- पुराना पेश्की वेरुजु असुल उपर गर्दै कामको आधारमा भुक्तानी दिने व्यवस्था मिलाई विकास निमार्णको कार्यमा पेश्की वेरुजु शून्य निति अवलम्बन गरिने छ।

- स्थानीय तह लागुहुनुभन्दा पहिला गाउँ विकास समितिबाट स्थायी नियूक्ती पाई स्थानीय तहमा समायोजन हुनु भएका कर्मचारीहरुको स्तर वृद्धि गर्नको लागि आवश्यक ऐन, नियमावली र कार्यविधिको लागि सम्बन्धित निकायमा पत्राचार गरिनेछ ।
- गाउँपालिकामा कार्यरत करार कर्मचारीहरुलाई नेपाल सरकारले तोके बमोजिमको तलब, र सबै कर्मचारीलाई पोशाक बापत रकम उपलब्ध गराई तोकेको पोशाक र परिचय पत्र अनिवार्य रुपमा लगाउँन लगाउने व्यवस्था गरिने छ ।
- कर्मचारीहरुको क्षमता विकास गरी कार्य सम्पादनको गुणस्तर अभिवृद्धि गरिने छ ।
- नागरिक वडापत्रमा उल्लेख भएका सेवाहरु तोकिएको समयमा दिन गाउँपालिका प्रतिबद्ध रहने छ ।
- गाउँपालिकाको गतिवीधिलाई विद्युतिय संचार माध्यमबाट सार्वजनिक गर्ने निति अनुरुप कार्यालयको आधिकारीक वेभ साईट तथा स्थानिय एफ एम बाट प्रसारण गरिने कार्यको सुरुवात गरिने छ ।
- गाउँपालिकाद्वारा प्रदान गरिने सेवा सुविधालाई प्रभावकारी पारदर्शि एवं जन उत्तरदायी बनाउन सघन अनुगमन, बुलेटिन ब्रोसर प्रकाशन, सार्वजानिक सुनुवाई, सामाजिक परिक्षण, सार्वजानिक परिक्षण प्रगति समीक्षा नियमित रुपमा गरी सु-शासनको प्रत्याभुती दिईने छ ।
- गाउँपालिका अन्तर्गत स्वास्थ्य समिति मार्फत संचालनमा रहेका ऐम्बुलेन्स गाउँपालिकाको मातहतमा ल्याई संचालन गर्ने र एम्बुलेन्स चालकहरुको करार सम्झौता गरी नेपाल सरकारको स्केल बमोजिम तलब दिने व्यवस्था मिलाउनेछु ।
- उत्कृष्ट वडा सचिवको रुपमा कामकाज गर्ने १ जना वडा सचिव , उत्कृष्ट कामकाज गर्ने गा.पा. अन्तर्गतका १ जना कर्मचारि र उत्कृष्ट स्वास्थ्य कर्मीका रुपमा कामकाज गर्ने १ जना स्वास्थ्य कर्मीलाई समानित गर्ने व्यवस्था गर्ने छु ।

**संस्थागत बिकास र सुशासन** :

- गाउँपालिकाको संगठन संरचना चुस्त दुरुस्त र छरितो बनाई गाउँपालिकाबासिले मितव्ययी सर्वसुलभ र गुणस्तरिय सेवा प्राप्तगर्ने अधिकारलाई सुनिश्चित गर्न आगामि आर्थिक बर्षमा गाउँ कार्यपालिकाको संगठन र व्यबस्थापन सर्बेक्षण गरी कार्यअगाडी बढाईनेछ ।
- कार्यपालिकाको कार्यालय, वडा कार्यालय तथा विषयगत शाखा वा ईकाईको सेवा प्रभावलाई सम्भव भएसम्म सुचना प्रविधि मैत्री बनाउन आवश्यक बजेट वेवश्था मिलाउने छु ।
- गाउँपालिकाको बिकासको लागि बिकास साझेदार मैत्री बाताबरणको सृजना गरिनेछ ।
- ठुला बिकास आयोजनाहरुमा निजी क्षेत्रको लगानिलाई आकर्षण गरिनेछ । कानुन विपरीत नहुनेगरी स्थानीय कानुन तथा संरचनाको निर्माणगरिनेछ ।
- गैरसरकारी संस्था परिचालनमा एकद्धार नीति अवलम्बन गरिनेछ । गाउँपालिका क्षेत्रभित्र क्रियाशिल गैरसरकारी संघ/संस्थाहरुको बस्तुगत बिबरण तयार गरि प्रत्यक बर्ष अध्याबधिक गरिनेछ । संस्थाहरुको बिज्ञता, अनुभव, उपलब्धश्रोत, समुदाय परिचालनको अबस्था, कार्यसम्पादन स्तरको

मूल्याङकन गर्दै गरिबिनिबारण, लैगिक समाबेसीकरण लगायत सामाजिक परिचालनका लागि क्षेत्र प्राथमिकताका आधारमा परिचालन गरिनेछ ।

- सूचनाको हक सम्बन्धी ऐन, २०७४ को प्राबधान अनुरुप गाउँसभा तथा कार्यपालिकाका निर्णयहरु २४ घण्टा भित्रै सार्बजनिक गर्ने परिपाटिको बिकास गरिनेछ ।
- गाउँपालिका र वडा कार्यालयहरु मार्फत सेवा प्रवाहका लागि आबश्यक पूर्वाधार निर्माण गरी कार्यसंचालन गरिनेछ ।
- गाउँपालिकाको सम्पूर्ण कार्यहरु अनलाईन प्रणली मार्फत संचालन गर्न आवश्यक व्यबस्था मिलाईनेछ ।
- व्यक्तिगत घटना दर्ता कार्यलाई आगामि आर्थिक बर्षदेखी विद्युतिय अभिलेख राख्ने कार्यको सुरुवात गरिनेछ ।
- भ्रष्टचारजन्य क्रियकलाप प्रति शुन्य सहनशिलताको अबधारणा मार्फत सु-शासनको प्रत्याभुत प्रदान गरिनेछ ।
- गाउँपालिकाको सेवा प्रवाहलाई जनमुखी, पारदर्शी, जवाफदेही, जनउत्तरदायी, कानुनी, शासन आधारभुत सिद्धान्त अनुसार संञ्चालन गरिनेछ । साथै नगरपालिका द्धारा सम्पादन गरिने प्रत्यक क्रियाकलापलाई नागरिक प्रति उत्तरदायी हुने पद्धतिको विकास गरिनेछ ।
- जनशक्ति विकास, संगठनात्मक संरचना, सुचनामैत्री कार्य सम्पादन र सेवा प्रवाह लाई विशेष प्राथमिकता दिइनेछ ।

**समाननीय सभा अध्यक्ष ज्यु,**

अब मैले माथि उल्लेखित निति तथा कार्यक्रमले लिएको लक्ष्य पुरा गर्नको लागि यस गाउँपालिकाले आ.व. २०७८।०७९ का लागि विनियोजन गरेको आय ब्ययको संक्षिप्त विवरण पेश गर्ने अनुमति चाहन्छु । यसको विस्तृत विवरण गाउँपालिका विकास योजनको पुस्तिका मार्फत प्रकाशित हुने नै छ । यस गाउँपालिकाको यस आ.व.मा आय तर्फ शर्शत अनुदान रु.१३,१२,००,०००।-, राजश्व वाडफाट तर्फ रु.५,५९,९०,०००।-, आन्तरिक स्रोतबाट रु.१,२३,००,०००।-, प्रदेश सरकारको राजश्व बाडफाड रु.२०,००,००० वितिय समानिकरण तर्फ रु.९,८०,००,०००।-, सामाजिक सुरक्षा भता वापत रु.६,००,००,०००।-, गत वर्षको अल्या.रु.९३,००,०००, र समपुरक र विशेष प्रदेश अनुदान रु ५०,००,००० युनिसेफको सहयोगमा बहुक्षेत्रिय पोषण कार्यकम तर्फ रु.२०,००,०००। प्रदेश सरकारबाट प्राप्त अनुदान तर्फ रु.६५,७२,००,०००।-, , तराई मधेशी समृधि कार्यक्रम रु ०।– प्रधानमन्त्री रोजगार कार्यक्रम रु ९५,५९,००० एल.जि.सि.डि.पि. अन्तर्गत रु ३,८१,००० गरि कुल रु.३९,२३,०२,००० र ब्ययतर्फ चालू रु.२५,४२,५७,०००।- र पुजिंगत रु.१३,८०,४५,०००।- रहने लक्ष्य लिईएको छ ।

**अध्यक्ष महोदय,**

यस गाउँपालिका विकास योजनालाई स्वीकृतीका लागि गाउँ सभामा पेश गर्ने कममा बस्ती तह, वडा समिति, वडा वासी, गाउँमा कृयाशिल राजनैतिक पार्टीहरु, विषयगत क्षेत्रहरु,नागरिक समाज,सरोकारवाला निकाय, ब्यापारी, पत्रकार, कालिकामाई गाउँ कार्यपालिका परिवार, गाउँपालिका कर्मचारी परिवार लगायत सम्बद्ध पक्षले पुरयाउनु भएको सहयोग र सहभागिता उल्लेखनिय रहेको छ ।

सहभागितात्मक गाउँपालिका विकास योजना तर्जुमाका विभिन्न चरणमा सहभागि भई सातौ गाउँ सभा आयोजना गर्ने कममा यहाँहरुबाट प्राप्त साथ र सहयोगका लागि हार्दिक धन्यवाद ज्ञापन गर्दछु । अन्त्यमा अब म यस कालिकामाई गाउँपालिकाले माथि उल्लेखित नीति तथा कार्यकमहरु स्वीकृत गरिदिनहुन गाउँ सभा समक्ष हार्दिक अनुरोध गर्दछु ।

वडा अध्यक्ष

पवन कुमार तिवारी